# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७९
च.नं.: ३०२

फोन नं. ०१-४३१५७६६
मिति २०७९/०२/२३

**विषयः-संस्थागत विद्यालयहरुबाट प्रदान गरिने छात्रवृत्तिका लागि निवेदन पेश गर्ने समय थप गरिएको सूचना ।**

प्रस्तुत विषयमा नगर छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७९/०१/२७ को निर्णय र यस चन्द्रागिरि नगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७६ अनुसार यस नगरपालिकाभित्र सञ्चालित संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विपन्न विद्यार्थीहरुले शैक्षिक सत्र २०७९ का लागि छात्रवृत्ति प्राप्त गर्न यही २०७९ साल जेष्ठ १५ गतेभित्र वडा कार्यालयको सिफारिश सहित यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुहुन हुन भनी सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि सूचना प्रकाशन गरिएकोमा बीचमा पर्न गएको स्थानीय चुनावका कारण कतिपय सरोकारवालाहरु निवेदन पेश गर्नबाट बञ्चित हुनुभएको भन्ने जानकारीमा आएकोले यस नगरपालिकाको मिति २०७९।०२।२३ को निर्णयानुसार २०७९ साल जेठ मसान्तसम्म निवेदन पेश गर्ने समयावधी थप गरिएको हुँदा अघिल्लो सूचनामा तोकिए बमोजिमकै कागजात सहित सोही सूचनामा तोकिए बमोजिमकै स्थानमा निवेदन पेश गर्नुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै निवेदनको ढाँचा संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०७६ मा उल्लेख भए अनुसार हुनुपर्नेछ । उक्त कार्यविधि नगरपालिकाको वेवसाइट **www.chandragirimun.gov.np** मा राखिएको छ ।

..............................
**कर्ण बहादुर भुवाजी**
अधिकृत दशौं